# नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

### बगैंचा व्यवस्थापन कार्यको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७३।०४।३०)

आर्थिक वर्ष २०७३/०७४ का लागि यस कार्यालयको "**बगैंचा सम्बन्धी कार्य**" बाह्य स्रोतबाट संचालन गराउनु पर्ने भएकोले स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका र सरकारी वा गैरसरकारी संस्थाको कालोसुचीमा नपरेका उक्त व्यवसायमा संलग्न रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वकको सिलवन्दी दरभाउपत्र (Sealed Quotation) पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को ३:०० बजेभित्र यस बैंकको धनगढी कार्यालयबाट रु.५००।- (पाँचसय मात्र) तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को दिनको १:०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गरी सक्नु पर्नेछ । प्राप्त सिलबन्दी दरभाउपत्रहरु सोही दिनको ३:०० बजे नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि) खोलिनेछ ।

३. सिलबन्दी दरभाउपत्र साथ जमानत (बिडवण्ड) वापत रु.१५,०००।- यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाब (हि.नं. २२०९९९९/०११/०००/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम दिनले ७५ मान्य दिन अवधि भएको यस बैंकको नाममा जारी गरेको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र निर्धारित ढाँचामा दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रीतपूर्वक सहिछाप गरी सम्बन्धित निकायहरुमा दर्ता भएको र नवीकरण गरेका प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गरी दरभाउपत्रदाता आफैंले वा आफ्नो प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । तोकिएको स्थानमा अन्तिम मिति र समय भित्रै दरभाउपत्र पेश गर्नु पर्नेछ ।

५. बगैंचा व्यवस्थापनको अनुमानित लागत रु.४,७०,९२५।- (मु.अ.कर सहित) रहेको छ ।

६. सिलबन्दी दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए अनुसार हुनेछन् ।

७. सिलबन्दी दरभाउपत्रको मान्य अवधि (दरभाउपत्र पेश गर्ने अन्तिम मितिले) पैंतालीस दिनको हुनेछ ।

८. रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरीद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ बमोजिम हुनेछ ।

९. दरभाउपत्र स्वीकार/अस्वीकार वा आंशिक रुपमा स्वीकार गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, धनगढी कार्यालय आन्तरिक व्यवस्थापन फाँट (फोन नं. ०९१-५२७७०३) मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ । साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय